# आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम

२०८२ असार १० गते गाउँसभाको १८ औँ अधिवेशनमा प्रस्तुत वार्षिक नीति तथा कार्यक्रम

## त्रिपुरासुन्दरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### पिस्कर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

हार्दिक अभिवादन

**गाउँपालिका उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडाअध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, गाउँसभा सदस्य ज्यूहरु, गाउँकार्यपालिकाको कार्यालयका विषयगत शाखा प्रमुख ज्यूहरु, उपस्थित सम्पुर्ण कर्मचारी, पत्रकार, सुरक्षाकर्मीज्यूहरु,**

त्रिपुरासुन्दरी गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम यस गरिमामय गाउँ सभाको बैठकमा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ | वि.सं. २०७९ साल बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनबाट हामीलाई मतदान मार्फत निर्वाचित गर्नुहुने आदरणीय त्रिपुरासुन्दरी गाउँपालिकाबासी आमा, बुवा, दाजुभाई, दिदीबहिनीहरु लगायत सबैमा हार्दिक आभार प्रकट गर्दछु | यस अवसरमा म नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र स्वशासनको लागि नेपाली जनताले गर्दै आएका जनआन्दोलनहरुमा साहदत प्राप्त गर्नुहुने सहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । ३ वर्षे कार्यकालमा त्रिपुरासुन्दरी गाउँपालिकामा स्थानीय सरकारको हैसियतबाट विभिन्न संरचनागत, नीतिगत, कानुनी, प्रशासनिक तथा व्यवस्थापकीय कार्य सम्पादन गरेका छौं। मूलतः यस अवधिमा विगतदेखि सञ्चालित आवश्यक कार्यक्रमको निरन्तरता र सो को यथासिघ्र कार्य सम्पन्न गर्ने कुरालाई जोड दिंदै थुप्रै नवीन, सिर्जनात्मक र सुशासनका लागि अपरिहार्य मानिने योजना तथा कार्यकमहरुको शुरुवात गरिएको छ। गाउँ सभा, गाउँ कार्यपालिका, विषयगत समिति, विषयगत शाखा, वडा कार्यालय र स्वास्थ्य संस्थाहरुबाट सम्पादन गर्नुपर्ने काम कारबाहीलाई प्रभावकारी रुपमा सम्पादन गर्न प्राथमिकता दिइएको छ।

त्रिपुरासुन्दरी गाउँपालिका सिन्धुपाल्चोकको विकास, सुधार र समृद्धिका लागि नेपालको संबिधान तथा संघीय, प्रदेश र स्थानीय कानुनद्वारा प्रदत्त हक अधिकारको प्रयोग गर्दै तथा कानुनतः निर्देशित काम, कर्तब्य र दायित्व निर्वाह गर्न हामी प्रतिबद्ध छौं । त्रिपुरासुन्दरी गाउँपालिकाको इतिहास, संस्कृति, सम्पदा र सभ्यताको संरक्षण, सम्बर्धन र प्रबर्धन गर्नु हाम्रो पहिलो कर्तब्य हुन आएको छ । पर्यटन तथा कृषि यस गाउँपालिकाको सम्भावनाको पहिलो क्षेत्र हो । सुरक्षित सहरीकरणको सहजिकरण तथा सुव्यबस्था गाउँपालिकाको लागि अर्को सुधार गर्नुपर्ने क्षेत्र देखिएको छ । सेवाग्राहीले सरल र सहज तरिकाले सेवा प्राप्त गर्ने हकलाई सुनिश्चित गर्न सूचना र प्रविधिको उच्चतम प्रयोग गर्न अनिवार्य छ ।
आन्तरिक सुशासन र सवल प्रशासनको विकासबाट हामीले अख्तियार गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ । जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरुको क्षमता विकास, श्रोत साधनमा वृद्धि र प्रणालीको विकास गर्ने नीति अवलम्बन गर्न प्रस्ताव गरिएको छ । शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, सामाजिक बिकास, सूचना प्रविधि, युवा तथा खेलकुद, कृषि, भौतिक पूर्बाधार विकास, खानेपानी तथा सरसफाई, विपद् व्यवस्थापन, न्याय निरुपण जस्ता बिषयगत क्षेत्रहरुका लागि बिशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

कृषि, पर्यटन र उद्यमबाट सुख, समृद्धि र संस्कृतिमय त्रिपुरासुन्दरी गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त त्रिपुरासुन्दरी बासीको समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरागर्ने दिशामा हामीले आगामी आ.व. २०८२/०८३ को नीति तथा कार्यकमलाई

अभिमुख गरेका छौं। यसका लागि दिगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानियकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय श्रोत र साधनको पहिचान र परिचालन गरी समावेशी,जलवायू उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत त्रिपुरासुन्दरी बासीको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साभेदारीमा विकास गरिनेछ। गाउँपालिका भित्रका सबै वडाहरुमा वडा भेलाको आयोजना गरी राय सल्लाह सुझाव सहमति आदिका आधारमा वडाहरुको सन्तुलित विकासलाई मध्यनजर राखी योजनाहरु छनौट भई आए अनुसार सिमित श्रोत र साधनको बावजुद सबै योजनाहरुलाई सम्बोधन गर्न नसकिए पनि अधिकांश योजनाहरुमा स्रोत व्यवस्थापन गरिने छ। गाउँपालिकाको बजेट, नीति तथा कार्यक्रम तयार गर्दा राज्यका निर्देशक सिद्धान्त, नीतिहरु, राष्ट्रिय योजना आयोगको मार्गदर्शन, नेपाल सरकारको नीति, अर्थ मन्त्रालयको मार्ग निर्देशन, नेपाल सरकारले प्रकाशनमा ल्याएको सोह्रौं योजना, दिगो विकासको लक्ष्य, क्षेत्रगत र राष्ट्रिय नीतिहरु आवधिक पञ्चवर्षीय योजना, यस गाउँपालिकाको विगतका गाउँ सभा, गाउँपालिकाको विकास सम्बन्धि अवधारणाहरु त्रिपुरासुन्दरी गाउँपालिका भित्रका बुद्धिजीवीहरु, समाजसेवीहरु, उद्योग व्यवसायी, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरुको सल्लाह, सुझाव आदिका आधारमा यो नीति तथा कार्यक्रमको तय गरिएको छ। यो नीति तथा कार्यक्रमले राज्य तथा यस गाउँपालिकाले लिएको उदेश्य पुरा गर्नेछ भन्ने हामीले पुरा विश्वास लिएका छौं।

आगामी आर्थिक बर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभाबकारी कार्यान्वयन गर्न आम गाउँपालिकाबासी तथा सबै पेशा, व्यवसायमा आबद्ध महानुभाबहरुको सहयोग, समन्वय र सहकार्य रहने कुरामा विश्वस्त रहेको छु ।

**शाखागत नीति तथा कार्यक्रम आर्थिक वर्ष २०८२/०८३**

**शिक्षा सम्बन्धी नीतिः**

**"निःशुल्क तथा अनिवार्य शिक्षा त्रिपुराको सदिक्षा"**

१. "विद्यालय विकास मेरो प्रतिवद्धता, सक्रिय सहभागीता र पारदर्शिता" भन्ने मुल वाक्यलाई आत्मसाथ गर्दै गाउँपालिका र प्रधानाध्यापक तथा प्रधानाध्यापक र शिक्षक बिच कार्यसम्पादनमा आधारित करार सम्झौता गरि शिक्षामा सिकाइलाई नतिजामुलक बनाइने छ।
२. अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम लाई निरन्तरता दिदैं विद्यार्थी संख्याको आधारमा विद्यालयलाई सञ्चालन र व्यवस्थापन अनुदान तथा सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।
३. "जहाँ विद्यार्थी त्याहाँ शिक्षक" अभियानलाई प्रभावकारी बनाउन विद्यार्थी संख्याको आधारमा दरबन्दी मिलान र विद्यालय समायोजन प्रक्रिया अगाडी बढाइने छ।
४. शिक्षालाई रोजगारी र सीप सँग जोड्नको लागि गाउँपालिका भित्र रहेका स्नातक तह पास गरेका युवालाई प्राविधिक तथा व्यवसायिक सिप सिकाई रोजगारीका अवसर सिर्जना गरि स्वरोजगार बनाइनेछ।
५. गाउँपालिका भित्र रहेका विपन्न, असहाय, सिमान्कृत, अल्पसंख्यक, अपाङ्ग र कमजोर आर्थिक अवस्थाका कारण बिचमै पढाइ छोड्ने, पढाई पुरा नगर्ने बालबालिका लाई छात्रवृत्तिको व्यवस्था मिलाईनेछ।
६. गुणस्तरीत शिक्षा र अनुशासित प्राशासन प्राणाली लाई कायम राख्न कार्यन्वयन पक्षलाई अनुगमनमा तिव्रता दिइनेछ ।

७. "प्राविधिक तथा व्यावसायिक शिक्षा वर्तमान आवश्यकता" भन्ने नाराका साथ गाउँपालिका भित्रै दक्ष प्राविधिक जनशक्ति उत्पादन गर्न गाउँपालिकामा सञ्चालित कम्तिमा एक विद्यालयलाई प्राविधिक विद्यालयको रुपमा सञ्चालन गरिनेछ ।

८. विद्यार्थीहरुको प्रतिभा प्रफुस्टन र अन्तरनिहित क्षमताको विकास गर्न विभिन्न शैक्षिक मेला, प्रदर्शनी र अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ।

९. छोरी शिक्षा कार्यक्रमलाई निरन्तरता दिँदै थप व्यवस्थित बनाइने छ ।

१०. शिक्षालाई उत्पादन सँग जोड्न र व्यवहारिक बनाउन आफ्नै जमिन भएका विद्यालयमा दिवा खाजाको लागि आफ्नै विद्यालयमा उत्पादित खाद्यवस्तुको प्रयोग गर्न प्रोत्साहन गरिनेछ।

११. विद्यालय अनुगमन मूल्याङ्कन तथा सत्यापनलाई प्रभावकारी बनाउन अवलोकन सूचकका आधारमा अनुगमन गरिनेछ।

१२. "हाम्रो त्रिपुरा हाम्रो शान, समुन्नती र विकास हाम्रो अभियान" भन्ने मुल नाराका साथ गुणस्तरीय शिक्षाको पूर्णरुपमा कार्यान्वयनका लागि विद्यालयको आवश्यकता र शिक्षकको मागका आधारमा नवप्रवर्तन सम्बन्धी तालिम र क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

१३. स्थानीय कृषि उपजमा आधारित दिवा खाजालाई प्रवर्द्धन गरि विद्यार्थीलाई पोषिलो र ताजा दिवा खाजा उपलब्ध गराउन कक्षा ८ सम्म सञ्चालित दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिंइनेछ।

१४. विद्यार्थीमा खेलकुदको माध्यमबाट शारीरिक, मानसिक र सामाजिक विकास गरि स्वस्थ अनुशासित र नैतिकवान नागरिक उत्पादन गर्ने उद्देश्यले गाउँपालिका स्तरमा विभिन्न खेलकुदका प्रतियोगिताहरु सञ्चालन गरिनेछ ।

१५. बालबालिका लाई विद्यालय स्तर बाट नै नैतिकवान र अनुशासित बनाउने उद्धेश्यले विद्यालयमा स्काउट कार्यक्रम र योग शिक्षा सम्बन्धी प्रचार प्रसार एवं विभिन्न क्रियाकलापहरु सञ्चालन गरिनेछ।

१६. सबै विद्यालयहरुमा शिक्षक व्यवस्थापन, कक्षाकोठा, फर्निचर, खेलमैदान, प्रयोगशाला, शौचालय, खानेपानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक तथा शैक्षिक पूर्वाधारको व्यवस्थापन गरि शैक्षिक उपलब्धी वृद्धि गरिनेछ।

१७. शैक्षिक क्षेत्रको गुणस्तर अभिवृद्धि गर्न सरकारी तथा गैरसरकारी संस्थाहरुसँग समन्वय र साझेदारी गरि गुणस्तरीय शिक्षाको अभियानलाई पूर्णरुपमा कार्यान्वयन गरिनेछ ।

**युवा तथा खेलकुद नीति :**

१८. गाउँपालिका भित्र खेलाडी उत्पादनको लागि युवाक्लबहरुलाई प्रोत्साहन गरिनेछ ।

१९. सीप र दक्षताको आधारमा युवा जनशक्तिको अभिलेखिकरण गरी तालिम प्रदान गर्ने, तालिम प्राप्त जनशक्तिलाई स्वोरोजगार र रोजगारीमा आवद्ध गर्ने नीति लिइनेछ । युवा जनशक्तिलाई पालिकाको विकास अभियानमा स्वयंसेवकको रुपमा परिचालन गरिनेछ ।

२०. प्रत्येक माध्यमिक विद्यालयमा इच्छुक विद्यार्थीहरुलाई आत्मरक्षा (Self defense) का लागि खेलकुदका कार्यक्रम सञ्चालन गरिनेछ ।

**स्वास्थ्य सम्बन्धी नीतिः**

**"नागरिकको स्वास्थ्य, त्रिपुराको दायित्व"**

२१. स्वस्थ नागरिक तथा सहज जीवनयापनका लागि आधारभूत औषधि लगायत नसर्ने रोगको सधै नियमित निःशुल्क उपलब्ध गराउन अध्यक्ष जनता स्वास्थ्य कार्यक्रम संचालन गरिनेछ ।

२२. गाउँपालिकाबाट वितरण गर्दै आएको निःशुल्क औषधी प्रणालीलाई निरन्तरता दिइनेछ ।

२३. मातृ सेवालाई अझ सबल बनाइ सुबिधा सम्पन्न बर्थिंग सेन्टर संचालन गराई सबै महिलाहरुको सहज पहुँचका लागि उपाध्यक्ष आमा सुरक्षा कार्यक्रम संचालन गरिने छ ।

२४. अपाङ्गता तथा जेष्ठ नागरिकको स्वास्थ्य उपचारमा सहजता बनाइने छ ।

२५. गाउँमै बसोवास गरिरहेका सबै मुटुरोगी लाई निःशुल्क औषधि उपलब्ध गराइने छ ।

२६. बढदो नसर्ने रोग नियन्त्रण गराउन बिभिन्न शिविर मार्फत पहिचान तथा उपचारका साथै जनचेतना मुलक कार्यक्रम संचालन गरिने छ ।

२७. प्लास्टिक जन्य फोहोर तथा अन्य फोहोरको उचित व्यस्थापनका साथै WHO को सहयोगमा WASH कार्यक्रम संचालन गरिने छ ।

२८. सबै कार्यालयमा सफा खानेपानीको उचित प्रवन्ध मिलाइने छ ।

२९. पूर्णखोपको अवस्था कायम राख्दै बालबालिका, किशोरी तथा मातृ पोषण क्षेत्रमा बिषेश कार्यक्रम सञ्चालन गरी पोषण मैत्री पालिका बनाउन पहलको शुरुवात गरिने छ ।

३०. स्वास्थ्य बिमा कार्याक्रम लाइ निरन्तरता दिदै अझ प्रभावकारी बनाइने छ ।

**उद्यम विकास सम्बन्धी नीतिः**

**"उद्यमशिलताको विकास नै त्रिपुराको आधार"**

३१. "मिसन रोजगारी दोगो रोजगारी र उद्यमशीलता प्रवर्द्धन अभियान" कार्यक्रम सञ्चालन गरिनेछ ।

३२. गाउँपालिका भित्रका बेरोजगार यूवा तथा महिलाहरुमा उद्यमशीलता संस्कारको विकास गरिनेछ।

३३. स्नातक तह पुरा गरि बेरोजगार युवा पहिचान गरि स्वरोजगार उन्मुख बनाउन रोजगामुलक तालिमको व्यवस्था गरि युवा स्वरोजगार संग जोड दिइनेछ ।

३४. उद्यमशीलता विकास लाई स्थानीय रोजगार सिर्जनाको मुख्य आधार मान्दै स्थानीय स्रोत, सीप र सन्दर्भ अनुकुल लघु तथा घरेलु उद्योग, स्टार्टअप र नवपर्वतनशील उद्यमलाई प्रवर्द्धन गर्ने नीति तथा संरचना विकास गरिने छ ।

३५. उद्यमशीलताको माध्यमबाट एक घर एक उद्यमको अवधारणालाई आत्मा साथ गरिनेछ ।

३६. बेरोजगार यूवाहरुलाई स्वदेशमै स्वरोजगारी बनाउन प्राविधिक सिप विकास तालिमहरु दिइ दक्ष जनशक्ति तयार गरिने छ ।

३७. गृहिणी महिलाहरुलाई आर्थिक रुपमा सबल बनाउनका लागि प्रदेश सरकारसँग समन्वय गरि गृहिणी महिला सशक्तिकरण कार्यक्रमलाई निरन्तरता दिइने छ ।

३८. कृषक, उद्यमीहरुले उत्पादन गरेका वस्तुहरुलाई गाउँपालिकाले पहिलो प्रथामिकताका साथ प्रयोग गर्ने व्यवस्था मिलाइनेछ ।

३९. श्रम बजारको माग, उपलब्ध स्रोत र जनशक्ति, रोजगार प्रवृत्तिको अध्ययन गरी "गाउँपालिका रोजगारी रणनीति" निर्माण गरिनेछ।

४०. स्थानीय तथा राष्ट्रिय आवश्यकता र श्रम बजारको माग अनुसारको रोजगारमुलक सिप विकास तालिम, अनौपचारिक क्षेत्रका अनुभव तर प्रमाणपत्र नभएका श्रमिकहरुको सीपको औपचारिक मान्यता प्रदान गर्ने किसिमका कार्यक्रम सञ्चालन गरिनेछ।

४१. अल्पसंख्यक, सिमान्तकृत समुदायहरुको आर्थिक सशक्तिकरण तथा उत्थानका लागि प्रदेश र संघीय सरकारसँगको साझेदारीमा उद्यमशीलता, सिप विकास तथा बजारिकरणको क्षेत्रमा कार्यक्रम गरिनेछ।

४२. ५ वर्ष भन्दा बढि व्यतित गरि नविकरण नगरिएका उद्योग व्यवसायहरुलाई विषेश छुटको व्यवस्था गरि नविकरण गर्ने व्यवस्था मिलाइनेछ।

४३. कृषि उपज संकलन तथा प्रशोधन केन्द्र र कृषि उपज विक्रि कक्षलाई निरन्तरता दिइ स्तरोन्नती गरिनेछ।

४४. गाउँपालिकाले कृषक, उद्यमीहरुले उत्पादन गरेका वस्तुहरुको लेवलिङ्ग, प्याकेजिङ्ग, ब्राण्डिङ्ग तथा बजारिकरण गर्न सहजिकरण गरिनेछ।

**आर्थिक प्रशासन सम्बन्धी नीति**

**"उत्पादनशिलता र रोजगारीमा वृद्धि, त्रिपुरामा आर्थिक समृद्धि"**

४५. त्रिपुरासुन्दरी गाउँपालिकाको रुपान्तरणका लागि आर्थिक समृद्धि र समतामूलक समाज निर्माण गरी समृद्ध त्रिपुरा, सुखी त्रिपुराबासीको आधार निर्माण गरिनेछ ।

४६. विद्यमान करको दरमा पुनरावलोकन गरी करको दायरा विस्तार गर्दै आन्तरिक आयोस्रोत बृद्धि गरिनेछ ।

४७. आर्थिक राजश्व प्रशासनलाई थप सुदृढ र चुस्त बनाई आर्थिक कारोबारलाई पारदर्शी, नतिजामुखी तथा सूचना प्रविधिमा आधारित बनाईनेछ ।

४८. आयोजा छनौट पद्धतिलाई व्यवस्थित र पारदर्शी बनाई बजेट निर्माण तथा कार्यान्वयन प्रक्रियामा सुशासन कायम गर्न त्रिपुरा आयोजना बैंक व्यवस्थापन प्रणाली स्थापना गरी आयोजना पहिचान र प्राथमिकीकरणमा जोड दिईनेछ ।

४९. विकास आयोजनाहरु निर्धारित समय, लागत तथा गुणस्तरमा सम्पन्न गरिनेछ ।

५०. गाउँपालिकाको आर्थिक वृद्धि र विकासका लागि सार्वजनिक, निजी तथा सहकारी क्षेत्रको साझेदारीमा उत्पादन एवं रोजगारी सिर्जना गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

५१. उच्च प्रतिफलयुक्त र आन्तरिक आयमा योगदान दिन सक्ने प्रकृतिका आयोजना छनौट तथा प्रभावकारी कार्यान्वयन गरी उत्पादन अभिवृद्धि र रोजगारी सिर्जना गरिनेछ ।

५२. बजेट विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र वित्तीय अनुशासन कायम गर्दै अनुत्पादक चालु खर्चमा कटौती गरी गाउँपालिकाको सार्वजनिक खर्चमा मितव्ययिता कायम गरिनेछ ।

५३. "सडक र पूल त्रिपुरासुन्दरी गाउँपालिका विकासको मूल" भन्ने नारालाई आत्मसाथ गरिनेछ ।

५४. "विपन्न मैत्री पूर्वाधार, त्रिपुरा विकासको आधार" भन्ने नारालाई आत्मसाथ गरिनेछ ।

५५. विद्युतीय खरिद प्रणालीलाई क्रमशः अनिवार्य गर्दै लगिने नीति लिईनेछ ।

५६. आर्थिक सहायता वितरण प्रणालीलाई थप पारदर्शी बनाई लक्षित वर्गले अधिक लाभ हासिल गर्न सक्ने व्यवस्था गरिनेछ ।

५७. दिगो विकासका लक्ष्य हासिल गर्ने गरी सबै विषयगत र क्षेत्रगत नीति तथा कार्यक्रमबीच अन्तर आवद्धता कायम गरिनेछ ।

**रोजगार प्रवर्धन सम्बन्धी नीतिः**

**"स्थानीय रोजगारी, समृद्ध त्रिपुरासुन्दरी "**

५८. गाउँपालिका भित्र आन्तरिक रोजगारीका सम्भावित अवसरहरुको पहिचान एंव रोजगार सम्बद्ध सेवा तथा सरोकारवालाहरुको नक्साङ्कन गरिनेछ ।

५९. निर्माण क्षेत्रमा दिगो रोजगारीका अवसरहरु सिर्जना गर्न विभिन्न किसिमका सीपमूलक तालिमहरु जस्तैः ब्रिक मेसन, प्लम्बर, ईलेक्ट्रिसियन, पेन्टिङ्ग, सडक मर्मत तथा सम्भार लगायत अन्य तालिमहरु सञ्चालन गरी निर्माण क्षेत्रसंग सम्बन्धित दक्ष जनशक्ति उत्पादन गरी स्थानीय श्रम बजारमा आपूर्ति गरिनेछ ।

६०. स्थानीय तहमा नयाँ नयाँ पर्यटन क्षेत्रको पहिचान, विकास र विस्तार गरी पर्यटन क्षेत्रमा आवश्यक जनशक्ति आपूर्ति गर्न होटेल व्यवसाय, होम स्टे, अतिथि सत्कार जस्ता विषयसंग सम्बन्धित सीप विकासका कार्यक्रमहरु सञ्चालन गर्न अन्य सरकारी निकाय, गैर सरकारी संघसंस्था तथा निजी क्षेत्रसंग समन्वय र सहकार्य गरी रोजगारी सिर्जना गरीनेछ ।

६१. गाउँपालिकाको विकास निर्माण आयोजनाहरुमा समेत बेरोजगार व्यक्तिहरुलाई परिचालन गरिनेछ ।

६२. रोजगारीको खोजीमा रहेका बेरोजगार व्यक्तिहरुलाई रोजगार सेवा केन्द्रबाट एकीकृत श्रम तथा रोजगारमुलक सेवा उपलव्ध गराईनेछ ।

६३. स्थानीय एवं राष्ट्रिय स्तरमा उपलब्ध रोजगारीका अवसरहरुको सूचना एवं जानकारी गाउँपालिकाको वेभसाईट वा फेसबुक पेज मार्फत सम्प्रेषण गरिनेछ ।

६४. रोजगारी सिर्जनाको लागि विभिन्न निकायबाट सञ्चालन हुने कार्यक्रम तथा आयोजनामा बेरोजगार व्यक्तिलाई नयूनतम रोजगारी प्रदान गर्नको लागी आवश्यक समन्वय गरिनेछ ।

६५. वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई लक्षित गरी वैदेशिक रोजगारीका अवसर, चुनौती र जोखिमहरुको बारेमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी सचेतना अभिवृद्धि गरिनेछ ।

६६. वैदेशिक रोजगारीका क्रममा मृत्यु, अंगभंग, स्वास्थ्य उपचार, राहत, उद्दार लगायतका आर्थिक सहायता सम्बन्धी सेवाहरु प्राप्त गर्न सहजिकरण गरिनेछ ।

६७. वैदेशिक रोजगारमा जाने श्रमिकको श्रम स्वीकृत र पुनः श्रम स्वीकृतिमा सहजिकरण गरिनेछ ।
६८. आन्तरिक रोजगारी सिर्जना को लागी स्थानीय प्रविधिको उपयोग गरी स्थानीय स्तरमा उत्पादित वस्तुको खपत तथा उपभोग गर्न प्रचारप्रसारको व्यवस्था गरिनेछ ।
६९. वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणलाई बचत गरी उत्पादनमूलक क्षेत्रमा लगानी गर्न सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
७०. स्थानीय तहभित्र वैदेशिक रोजगारीमा जाने तथा फर्किने व्यक्तिहरुको अभिलेख संकलन गरिनेछ ।
७१. स्थानीय तहभित्र रहेका बेरोजगार व्यक्तिको तथ्याङ्क संकलन तथा विश्लेषण गरी बेरोजगारको सूची अधावधिक गरिदै लगिनेछ ।
७२. स्थानीय स्तरमा सञ्चालन हुने सडक, सिँचाई, भवन, पुल, नदि नियन्त्रण, वृक्षारोपण लगायतका योजना तथा कार्यक्रममा आवश्यक पर्ने निर्माण सामग्री गाउँपालिका वा वडाले व्यवस्थापन गर्ने गरी रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिलाई काममा लगाउन राष्ट्रिय रोजगार प्रबद्धन कार्यक्रम सँग साझेदारिको व्यवस्था गरिनेछ ।

**विपद् व्यवस्थापन सम्बन्धी नीतिः**

**"विपद् रोकथाममा जनताको साथ, त्रिपुरा सुरक्षामा हामी सबैको हात"**

७३. विपद् पूर्व तयारी प्रतिकार्य योजना (DPRP) तयार गरी लागु गरिनेछ ।
७४. स्थानीय समुदायलाई विपद् प्रति जागरुक बनाउन तथा जनचेतना अभिवृद्धि गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
७५. विपद्को समय अवधिमा आवश्यक पर्ने खोज, उद्धार तथा राहत सामाग्रिहरुको व्यवस्थापन गर्ने तथा प्रतिकार्यको लागि स्वयंसेवकहरु परिचालन गरिनेछ ।
७६. पूर्वतयारी तथा प्रतिकार्यको लागि सरकारी,गैर सरकारी , निजी तथा मानवीय क्षेत्रमा कार्य गर्ने संघसंस्था, स्थानीय समुदाय तथा स्वयंसेवकहरुसँग सहकार्य र समन्वय गरिनेछ ।
७७. स्थानीय अपतकालिन कार्यसञ्चालन केन्द्रको स्थापना गरीनेछ ।

**सूचना प्रविधि सम्बन्धी नीतिः**

**"ई-गभर्नेन्सको बलियो आधार, सूचना प्रविधिमा पहुँच विस्तार"**

७८. डिजिटल सरकारको अवधारणा अनुसार गाउँपालिकालाई पूर्ण डिजिटल प्रणालीतर्फ उन्मुख गरिनेछ।
७९. सूचना प्रविधिको दिगो विकासका लागि पूर्वाधार निर्माणमा जोड दिइनेछ ।
८०. ई-गभर्नेन्स प्रवर्द्धन गर्दै डिजिटल सेवा सरल र सर्वसुलभ बनाईनेछ ।
८१. स्थानीय तहमा सूचना प्रविधिको सशक्त उपयोगबाट सार्वजनिक सेवामा पारदर्शिता, जवाफदेहिता र सहजता ल्याइनेछ ।

८२. डिजिटल सेवा प्रवाहमा सुधारः

- गाउँपालिकामा Intercom Telephone System सञ्चालन गरिनेछ ।
- गाउँपालिकामा डिजिटल प्रोफाईलको अवधारणा अनुसार RMTMP (Rural Municipal Transport Master Plan) को प्राविधिक सर्वेक्षण गरि कार्यान्वयन गरिनेछ ।
- गाउँपालिकाको Website मा AI Chatbot Integration System प्रयोग गरेर डिजिटल तवरबाट नागरिकलाई सेवा प्रदान गरिनेछ ।

८३. दैनिक कार्य सहजताका लागि आवस्यक ICT सामाग्रीहरु खरिद गरि कर्मचारीहरुले कार्यसम्पादनलाई प्रविधिको उच्चतम प्रयोग गर्ने वातावरण निर्माण गरिनेछ।

८४. कार्यलयका कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि Digital Literacy, Cyber Security, Network Security, AI and Technology, Microsoft Office जस्ता विभिन्न प्रकारका तालिमहरु प्रदान गरिनेछ ।

८५. डिजिटल दस्तावेज व्यवस्थापन प्रणाली (DMS) व्यवस्थापन गरिनेछ ।

८६. डिजिटल हस्ताक्षरलाई प्रयोगमा ल्याउनेछ।

८७. डिजिटल नागरिक वडापत्र र डिजिटल Smart Board को व्यबस्थापन गरिनेछ ।

८८. ई-हाजिर प्रणालीलाई एकिकृत व्यवस्थापन प्रणालीमा लैजाने व्यवस्था मिलाईनेछ।

**सुशासन तथा संस्थागत विकास सम्बन्धी नीति :**

**"उत्तरदायी प्रशासन, पारदर्शी सेवा"**

८९. गाउँपालिकाको सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो र जनमुखी सेवा प्रदान गर्न गाउँपालिका र मातहतका कार्यालयमा कार्यरत कर्मचारीहरुको क्षमता विकास, वृत्ति कार्यक्रम तथा नवप्रवर्तन तालिम सञ्चालन गरिनेछ।

९०. जनताका लागि सहज, सरल, जवाफदेहि, पारदर्शी र गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गरिनेछ।

९१. गाउँपालिका र मातहतका कार्यालयको प्रशासनिक कागजात र अभिलेख व्यवस्थापन सुरक्षित, व्यवस्थित र पहुँचयोग्य बनाई डिजिटलाईज्ड बनाउँदै लगिनेछ।

९२. पारदर्शी, प्रतिस्पर्धात्मक र उत्तरदायी ढंगले आवश्यकताका आधारमा सामान, सेवा वा निर्माण कार्यको खरिद गर्न खरिद योजना बनाइ खरिद समिति मार्फत खरिद गर्ने व्यवस्था मिलाइनेछ।

९३. जनप्रतिनिधि, कर्मचारी र सेवाग्राही बिच समन्वय, सहकार्य र प्रभावकारी सञ्चार प्रवाह स्थापित हुने व्यवस्था मिलाइनेछ।

९४. गाउँपालिकाको योजना निर्माण प्रक्रियामा सबै वर्ग, क्षेत्र र समुदायको समावेशी प्रतिनिधित्व लाई (महिला, दलित, जनजाती, विपन्न वर्ग, अपाङ्गता भएका व्यक्ति र सिमान्तकृत) सुनिश्चितता गरिनेछ।

९५. साना तथा टुक्रे प्रकृतिका योजनाहरु छनौट लाई कम गरि दिर्घकालिन र ठुला योजनाहरुलाई प्राथमिकता दिइनेछ।

९६. योजनाको स्पष्ट उद्देश्य, प्रतिफल तथा सुचकहरु निर्धारण गरि अनुगमन तथा निरीक्षण प्रणालीलाई व्यवस्थित बनाईनेछ।

९७. योजनाको सम्पूर्ण प्रक्रिया (चयन, बजेट, कार्यान्वयन) पारदर्शी बनाइ सार्वजनिक सुनुवाई, सामाजिक लेखा परीक्षण, योजना पुस्तिका आदी मार्फत जनतालाई सुसुचित गराइनेछ।

९८. विकास निर्माण र सेवा प्रवाहमा देखिएका कमी कमजोरी र ढिलासुस्ती लाई सुधार गर्दै मितव्ययी र सर्वसुलभ सेवाका लागि सबै विषयगत शाखा र कर्मचारी एवं जनप्रतिनिधीको सहकार्य र समन्वयमा एकीकृत सेवा प्रणालीको थालनी गरिनेछ।

**कला संकृति सम्बन्धी नीति**

**"हाम्रो संकृति हाम्रो पहिचान संरक्षणमा हाम्रो दायित्व"**

९९. "हाम्रो संकृति हाम्रो पहिचान संरक्षणमा हाम्रो दायित्व" भन्ने नारालाई आत्मासाथ गर्दै परम्परागत धर्म संकृतिलाई जगेर्ना गर्न आवश्यक कदम चालिनेछ ।

१००. गाउँपालिकाको त्रिपुरासुन्दरी भगवती र लट्टेश्वर महादेव मन्दिरमा वार्षिक रुपमा नित्य पूजा संचालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

१०१. मौलिक तथा लोपोन्मुख भाषा र संकृतिको संवर्धनको लागि आवश्यक योजना बनाइनेछ ।

**वातावरण सम्बन्धी नीतिः**

**"स्वच्छ वातावरण, स्वस्थ त्रिपुरा"**

१०२. बोतलमा विक्रि गरिने मदिराका खाली बोतल सम्बन्धित विक्रेताले व्यवस्थापन गर्नु पर्ने अनिवार्य व्यवस्था मिलाईनेछ ।

१०३. "उल्यालो त्रिपुरा" अन्तर्गत गाउँ वस्तीहरुमा सडक बत्तीको प्रबन्ध मिलाइनेछ।

१०४. "वृक्षारोपण गरौः वन जोगाऔ" भन्ने अभियान संचालन गर्दै बाढी पहिरो तथा भुक्षय सम्भावित क्षेत्रहरुको पहिचान गरी वृक्षारोपण कार्यक्रम संचालन गरिनेछ ।

१०५. सामुदायिक वनमा हुने चोरी निकासी र अनावश्यक रुख कटानलाई नियन्त्रण गर्न गाउँपालिकाले नियमनकारी गरिनेछ ।

**पूर्वाधार विकास सम्बन्धी नीति**

१०६. प्रत्येक वडाबाट गाउँपालिकाको केन्द्रसम्म जोड्ने सडक स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१०७. ढल निकास सहितको सडक पूर्वाधार विकासमा जोड दिइनेछ ।

१०८. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केही ठुला आयोजनाहरु पहिचान गरी पालिकास्तरीय गौरवका आयोजनाको रुपमा कार्यान्वयन गरिनेछ ।

१०९. "अबको निकासः पूर्वाधार विकास" भन्ने नारालाई सार्थक बनाउन पालिका भित्रमा सडकहरुको सुदृढीकरण एवं स्तरोन्नति गर्दै ढलान/कालोपत्रे गर्न जोड दिइनेछ।

११०. विकास प्रक्रियालाई दिगो, भरपर्दो एवं विश्वसनीय बनाउन टुक्रे आयोजनाहरुलाई निरुत्साहित गर्दै रु. १० लाख माथिका योजनाहरु ठेक्का प्रक्रियाबाट संचालन गर्न प्राथमिकता दिइनेछ ।

१११. वार्षिक बजेट तथा कार्यक्रमलाई कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।

११२. गाउँसभाबाट स्वीकृत भएका योजना तथा कार्यक्रमहरु शिर्षकान्तर तथा रकमान्तर गर्ने कार्यलाई निरुत्साहित गरिनेछ ।

११३. विकास प्रक्रियालाई दिगो, भरपर्दो र वस्तुपरक बनाउन संचालित योजना तथा कार्यक्रमको अनुगमन एवं मुल्यांकन पद्धतिलाई नतिजामूलक बनाइनेछ ।

११४. गाउँपालिकाको सूचना तथा अभिलेख व्यवस्थापनका लागि पालिकाकले आफ्नै सूचना तथा अभिलेख केन्द्र स्थापना गरी दस्तावेजहरु व्यवस्थित सूरक्षित राख्ने र एकीकृत तथ्याङ्क संकलनमा एकरुपता ल्याउने नीति लिइनेछ ।

**षणसँग सम्बन्धित नीतिः**

**"आजको स्वच्छ भोजन भोलिको स्वस्थ जीवन"**

११५. महिला, बालबालिकाको अबस्था सुधार गर्न कार्यन्वयनमा रहेको बहुक्षेत्रीय पोषण कार्यक्रम मार्फत पोषण सुधारको अभियानलाई तिव्रता दिईनेछ।

११६. पोषण सुधारको लागि पोषणमैत्री स्थानीय शासन अवलम्बन गरी संस्थागत गर्दै लगिनेछ।

११७. सुनौलो हजार दिन विपन्न महिलाको पोषण सुधारको लागि आयआर्जन तथा सिप विकासको लागि कार्यक्रम संचालन गरिनेछ।

११८. नेपाल सरकारको बहुक्षेत्रीय पोषण योजना तेस्रोले निर्धारण गरेका सूचक प्राप्तिमा सहयोग हुने गरि स्थानीय तहमा बहुक्षेत्रीय पोषण कार्यक्रम मार्फत पोषणका अबस्था कमजोर रहेका बस्ती लक्षित पोषण सुधारका कार्यक्रमहरु संचालन गरिनेछ।

११९. गर्भवती महिला तथा सुत्केरी आमा तथा शिशुको पोषणलाई ध्यान दिदै पोषण कोशेली कार्यक्रम संचालन गरिनेछ।

१२०. विद्यालय खाजामा स्थानीय रैथाने तथा उपलब्ध खाद्यान्नको उपभोग बढाउन विद्यालय र अभिभावकसँग

१२१. सहकार्य गरिनेछ।

१२२. बालबालिका, महिला तथा जेष्ठ नागरिकको खाद्य तथा पोषण सुनिश्चितताको लागि करेसाबारी तथा घरबगैंचा निर्माणलाई अभियानमुलक बनाईनेछ।

१२३. रैथाने तथा स्थानीय बाली लगाएत मौलिक उत्पादनको मौलिक प्रवर्द्धन तथा उपभोगमा जोड दिइने।

१२४. पोषण सहजकर्ता, स्वास्थ्य स्वयंसेविका र स्थानीय स्वास्थ्यकर्मी मार्फत पोषणसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

१२५. पोषण सुधारको लागि सामाजिक ब्यावहार परिवर्तन सँग सम्वन्धित क्रियाकलापहरु कार्यान्वयन गरिनेछ।

१२६. आमा समूह, किशोरी समूह, युवा क्लवहरु, विद्यालयको सहकार्यमा पोषण सचेतना कार्यक्रहरु संचालन गरिनेछ।

**आयुर्वेद सम्बन्धी नीतिः**

**"आयुर्वेदको संरक्षण, जडिबुटिको पहिचान, त्रिपुराको अभियान!"**

१२७. यस गाउँपालिकामा रहेको एक मात्र तौथली आयुर्वेद औषधालयलाई सुविधा सम्पन्न क्षेत्रिय आयुर्वेद हस्पिटलको रुपमा विकास गर्न पहल गरिनेछ।

१२८. यस गाउँपालिकाक्षेत्र भित्र रहेका बहुमुल्य जडिवुटीको पहिचान गरि त्यसता जडिवुटीको रोपण एवं उत्पादान गर्न तर्फ कृषकहरुलाई प्रोत्साहन गरि आर्थिक आय आर्जन गर्ने तर्फ जोड दिईनेछ।

१२९. नसर्ने रोगहरु जस्तै अर्थराईटिस मधुमेह, थाईराईड ,श्वास प्रस्वास सम्वन्धि रोग, प्यारालाईसिस इत्यादि रोगहरुलाई थेरापेटिक योग माफंत सकेसम्म औषधालयबाट उपचार गरिने प्रक्रियाको लागि पहल गरिनेछ।

१३०. यस गाउँपालिकामा नै उत्पादन हुने जडिबुटीलाई विषेश प्राथमिकता दिई त्रिपुरासुन्दरी गाउँपालिकाको औषधालयबाट नै औषधी निर्माण गरी सेवा सञ्चालन गर्ने तर्फ विषेश ध्यान दिईनेछ।

१३१. महामारीको रुपमा फैलिने विभिन्न रोगहरु विरुद्ध लड्ने क्षमता विकास गराउन आयुर्वेद औषधिको विषेश प्रयोग तर्फ जोड दिईनेछ।

१३२. आगामी दिनमा अति आवश्यकिय आयुर्वेद औषधी निःशुल्क रुपमा आयुर्वेद औषधालयबाट वितरण गर्न नमिलेका तर विमारीको लागि अति आवश्यक भएको आयुर्वेद औषधिलाई सुलभ आयुर्वेद फार्मेसिको रुपमा स्थापना गरि सकेसम्म न्युनतम पैसामा विमारीले खरिद गन सकिने गरि सुलब आयुर्वेद पसल खोल्ने तर्फ प्रोत्साहित गरिने छ ।

१३३. व्यवसयिक जडिवुटी खेति एवं जडिवुटिको बजार व्यवस्थापनमा यस गाउँपालिकाले नै सहयोग गरी यहांका तमाम नागरिकको आर्थिक विकाश गर्न नीति लिइनेछ।

१३४. खाद्य पदार्थ जन्य रोग तथा आम नागरिकको जीवन शैलिवाट उत्पन्न हुने रोग नियन्त्रण गर्न योग तथा

१३५. वैकल्पिक चिकित्सा सम्बन्धी कार्यक्रम राखि नागरिकलाई preventation is better than cure भन्ने सिद्धान्तमा आधारित भई रोग लाग्न नदिने तर्फ विषेश जोड दिईनेछ।

१३६. आयुर्वेदिक पद्धतिद्वारा कुपोषण न्युनिकरण एवं कुषोण जन्य रोगको रोगथाम तथा उपचारको लागि विषेश जोड दिइनेछ।

१३७. यस गाउँपालिकामा उत्पादित जडिवुटीको प्रयोगको प्रवद्धन गर्ने एवं जनतालाई त्यस वारेमा जनचेतना जगाई जडिवुटीको अज्ञानको कारण त्यतिकै खेर गएका बहुमुल्य जडिबुटीहरुलाई स्वयं आफूनै घरमा उपचार गरिने प्रक्रया लाई व्यवस्थित गरि आफ्नो डाक्टर आफै भन्ने सिद्धान्त कार्यान्वयन गर्ने तर्फ विशेष जोड दिने नीति लिइनेछ।

**कृषि विकास सम्बन्धी नीतिः**

**"माटो, पानी र मेहनतको मोल, कृषकको सम्वृद्धिमा त्रिपुराको सोच"**

**१३८. कृषि यान्त्रीकरण तथा कृषि औजार उपकरण वितरण कार्यक्रम :**

कृषि यान्त्रीकरण अन्तर्गत मिनी टिलर, स्प्रेयर, मल्टिक्रप थ्रेसर, कम्बाइन मिल लगायतका कृषि उपकरण कृषकहरुसँग लागत साझेदारीमा वितरण गरिनेछ। प्रत्येक कृषक समूहलाई यान्त्रीकरण सम्बन्धि तालिम प्रदान गरिनेछ।

**१३९. एकीकृत सत्रुजिब व्यवस्थापन, (IPM Tools) वितरण तथा जैविक कृषि प्रवर्द्धन :**

प्रत्येक वडामा एकीकृत सत्रुजिब व्यवस्थापनसम्बन्धी तालिमहरू सञ्चालन गरिनेछ। रासायनिक विषादी तथा रासायनिक मल प्रयोगलाई हतोत्साहित गर्दै जैविक विषादी, कम्पोष्ट मल, मोहिनी पासो जस्ता विधिहरूको प्रयोगसम्बन्धी तालिम र सामग्री वितरण गरिनेछ। साथै, प्राङ्गारिक मल उत्पादन र भकारो सुधारसम्बन्धी व्यवस्थापन गरिनेछ।

**१४०. मौरीपालन कार्यक्रम**

उपयुक्त वडाहरूमा मौरीपालन व्यवसायलाई प्रवर्द्धन गर्दै 'एक घर एक मौरी घार' कार्यक्रम कार्यान्वयन गरिनेछ। मौरीपालनमा ५०% लागत साझेदारीमा लगानी गरिँदै ती वडाहरूलाई मौरी पकेट क्षेत्रका रूपमा घोषणा गरिनेछ। मौरी पालन कृषकलाई प्रत्यक घारको अनिबार्य रुपमा बिमा गर्न लगाइनेछ।

**१४१. च्याउ खेती प्रवर्द्धन कार्यक्रम**

कृषकहरूलाई च्याउको पौष्टिक महत्वबारे जानकारी दिँदै सामूहिक रूपमा च्याउ खेती गर्न प्रोत्साहित गरिनेछ। कृषकको माग तथा आवश्यकतानुसार च्याउ खेति सम्बन्धि तालिम सञ्चालन गरिनेछ । च्याउको बीउमा १००% र प्लास्टिक, पराल काट्ने मेसिन, पराल पकाउने ड्रम, सुकाउने पाल, जाली, डोरीमा ५०% अनुदानमा दिइनेछ।

**१४२. माटो परीक्षण प्रयोगशाला स्थापना**

गाउँपालिकामा मिनी माटो परीक्षण प्रयोगशाला स्थापना गरिनेछ। प्रत्येक वडामा माटोको नमुना संकलन सम्बन्धि तालिम तथा माटो परीक्षण शिविर सञ्चालन गरिनेछ। प्राप्त नतिजाका आधारमा कृषकहरूलाई माटोको गुणस्तरबारे जानकारी दिई कृषि चुन र जिप्सम वितरण गरिनेछ।

**१४३. कृषि पकेट क्षेत्र विस्तार कार्यक्रम**

निजी तथा बाँझो जमिनमा फलफूल तथा अन्य बाली खेती गराउँदै 'एक वडा एक कृषि पकेट' अवधारणा लागू गरिनेछ। हिउँदे तथा वर्षे फलफूलका विरुवाहरू वितरण गरिनेछ। बाँझो जमिनको सदुपयोग गरी अमिलो तथा अन्य प्रजातिका फलफूल रोपणको विस्तार गरिनेछ र बजार व्यवस्थापन गरिनेछ ।

**१४४. बाली उपचार शिविर सञ्चालन**

प्रत्येक वडामा वडा स्तरीय बाली उपचार शिविर सञ्चालन गरिनेछ।

**१४५. न्यूनतम समर्थन मूल्य निर्धारण**

लसुन, प्याज, अदुवा, बेसार, टिमुर, धान, मकै जस्ता बालीहरूमा न्यूनतम समर्थन मूल्य निर्धारण गरिनेछ। बजार मूल्य न्यूनतम समर्थन मूल्यभन्दा कम भएमा अन्तरको क्षतिपूर्ति गाउँपालिकाबाट प्रदान गरिनेछ। यसलाई प्रारम्भिक परीक्षणका रूपमालागु गरिनेछ र सफल भएमा आगामी आर्थिक बर्षदेखि अन्य बालीमा समेत विस्तार गरिनेछ।

**१४६. कृषि अनुदान वितरण प्रणाली सुधार**

अनुदान प्रणालीमा सुधार गर्दै अब कृषकको लगानीका आधारमा नभई उत्पादन भएका उपज तथा वस्तुका आधारमा अनुदान प्रदान गरिनेछ।

**१४७. जङ्गली जनावरबाट हुने क्षती न्यूनीकरण कार्यक्रम**

बाँदर लगायतका जङ्गली जनावरबाट हुने क्षती न्यूनीकरण गर्न नगदेबालीहरू (प्याज, लसुन, कागती, ओखर, टिमुर, अदुवा, बेसार, अकबरे खुर्सानी आदि) को खेतीलाई प्रोत्साहन दिइनेछ। यस्ता बालीको प्रवर्द्धनमा बीउ र प्राविधिक सहयोग प्रदान गरिनेछ।

**१४८. फलफूल खेती प्रवर्द्धन**

बाँझो जमिनमा किवी, आरु, खुर्पानी, आरुबखडा, अम्बा, भुइँकटर, रुखकटर, आँप, एबोकाडो, नास्पाती, सुन्तला, कागती, केरा आदि फलफूल खेतीलाई प्रवर्द्धन गर्दै बीउ सहयोग गरिनेछ। फलफूल नर्सरी स्थापनाका लागि आवश्यक सामग्रीमा ५०% अनुदान दिइनेछ। उत्पादनलाई ग्रेडिङ, प्याकेजिङ तथा बजारीकरणको व्यवस्था गरिनेछ।

**१४९. खाद्यान्न बाली प्रोत्साहन**

बाँझो जमिनमा खाद्यान्न बाली खेती गर्न प्रोत्साहनस्वरूप नगद सहायता दिइनेछ। आलुको बीउ अनुदानमा वितरण गरिनेछ र उत्पादनलाई 'त्रिपुरा ब्रान्ड' अन्तर्गत बजारीकरण गरिनेछ। धान, गहुँ, कोदो, मकैजस्ता बालीको उन्नत जात वितरण गर्दै घुम्ती बाली प्रणाली लागू गरिनेछ।

**१५०. मसला बाली प्रवर्द्धन**

बाँझो जमिनमा मसला बाली खेती गर्न प्रोत्साहन गरिने छ। मसला बाली विस्तारका लागि ७५% अनुदानमा बीउ वितरण गरिनेछ। साथै, प्राविधिक सहयोग र तालिमको व्यवस्था गरिनेछ। उत्पादनलाई ग्रेडिङ, प्याकेजिङ तथा बजारीकरणको व्यवस्था गरिनेछ।

**१५१. मौसमी तथा बेमौसमी तरकारी खेति प्रवर्द्धन**

विभिन्न किसिमका मौसमी तथा बेमौसमी तरकारी  खेतीलाई प्रवर्द्धन गर्दै बीउ सहयोग गरिनेछ। कृषकको माग तथा आवश्यकतानुसार मौसमी तथा बेमौसमी तरकारी खेती सम्बन्धि तालिम संचालन गरिने छ। यस्ता बालीको प्रवर्द्धनमा बीउ र प्राविधिक सहयोग प्रदान गरिनेछ। व्यवसायिक कृषकहरूलाई प्लास्टिक टनेल, प्लास्टिक घर तथा थोपा सिंचाइ प्रविधिमा ५०% अनुदान दिइनेछ। साथै, आवश्यकतानुसार सिंचाइ पाइप पनि ५०% लागत साझेदारीमा उपलब्ध गराइनेछ।

१५२. कृषि उपज संकलन केन्द्र स्थापना तथा कृषि उपज विक्रि कक्ष निरनतरता कार्यक्रमएक वडा एक कृषि उपज संकलन केन्द्रको स्थापना गरी त्यस क्षेत्रको उत्पादनलाई मूल्य श्रृंखलासँग जोडी कृषि उपज विक्रि कक्ष मार्फत सहज बजारीकरण गर्ने नीति अवलम्बन गरिनेछ। संचालित कृषि उपज विक्रि कक्ष निरन्तरता कार्यक्रम संचालन गरिनेछ ।

१५३. प्रत्यक वडाहरुमा कृषि प्राविधिकहरुको आवस्यकताको आधारमा सोहिबमोजिम व्यवस्था मिलाइनेछ ।

**१५४. कफी खेति प्रवर्द्धन कार्यक्रम**

गाउँपालिकामा कफी प्रवर्द्धन कार्यक्रमको शुभारम्भ गरिनेछ।

१५५. मकै बिउ उत्पादन कार्यक्रम संचालनमा ल्याईनेछ ।

१५६. आलु बिउ उत्पादन कार्यक्रम संचालनमा ल्याईनेछ ।

१५७. कृषि उत्पादन, प्रशोधन तथा बजारीकरण कार्यक्रम  संचालनमा ल्याईनेछ ।

**पशुपन्छी विकास सम्बन्धी नीतिः**

**"स्वस्थ पशु, समृद्ध कृषक"**

१५८. नस्ल सुधार तथा कृषि विमा कार्यक्रम संचालन गरी दुध उत्पादनमा जोड दिई वजारीकरणको व्यवस्था गरीने छ । पशुहरुको विमा गर्दा गाउँपालिकाको तर्फबाट विमा शुल्कको १०% अनुदान दिने व्यबस्था मिलाईनेछ ।

१५९. पशुपन्छी पालन तथा विक्रि वितरणमा गाउँपालिकाबाट प्रमाणिकरण गर्ने व्यवस्था मिलाइनेछ ।

१६०. पशु साना पकेट तथा व्यवसायिक कृषकहरुलाई घाँस विउ, खोरको लागि ५० प्रतिशत अनुदानको व्यवस्था मिलाई कृषकको मागको आधारमा कार्यक्रम निरन्तरता दिईने छ ।

१६१. बाँझो जमिनमा घाँस खेती गर्नका लागि विभिन्न कार्यक्रमहरु मार्फत किसानलाई उत्प्रेरित गरिनेछ ।

१६२. गाउँपालिका भित्र उत्पादन गरिएको दुग्धलाई दुग्ध संकलन केन्द्रको स्थापना गरि बजारीकरणमा थप टेवा पुर्याईनेछ ।

१६३. गाउँपालिका भित्रका संचालनमा रहिराखेका डेरीहरुको स्तरोन्नतिमा जोड दिइनेछ ।

१६४. कृषि एवम् पशुजन्य व्यवसायमा लागेका उद्यमीहरुलाई आवश्यकताको आधारमा निरन्तर सहयोग गरिनेछ ।

१६५. कृषकको माग अनुसार हरेक वडामा कृषि तथा पशुपन्छी पालन सम्बन्धि तालिमहरु संचालन गरिनेछ।

१६६. पशु सेवा कार्यालयसँग समन्यव गरेर खोप कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।

१६७. पशुपन्छीलाई आवश्यक पर्ने औसधीहरु खरिद गरी गाउँपालिकाबाट आवश्यकताको आधारमा वितरण गरिनेछ ।

१६८. वडा न.१ देखि ६ सम्म पशु स्वास्थ्य शिविर संचालन गरिनेछ ।

१६९. दुग्ध उत्पादनमा प्रोत्साहन गर्न दुग्ध संकलन केन्द्र डेरीमा दुग्ध बिक्रि गर्ने किसानलाई प्रोत्साहन कार्यक्रम ल्याईनेछ।

१७०. कृत्रिम गर्भाधान मिसन कार्यक्रमलाई संचालनमा ल्याईनेछ ।

१७१. कुखुराको मासु प्रसोधन तथा भण्डारण कार्यक्रमलाई संचालनमा ल्याईनेछ ।

१७२. कुकुरमा रेबिज नियन्त्रण तथा क्यास्ट्रेसन/स्पेइङ कार्यक्रम संचालन गरिनेछ ।

१७३. पशुपन्छीमा महामारी/आकस्मिक रोग नियन्त्रण कार्यक्रम संचालन गरिनेछ ।

१७४. बाख्रा प्रबर्धन कार्यक्रम संचालन गरिनेछ ।

१७५. कृत्रिम गर्बधान बाट जन्मिएको बाच्छा/बाच्छी तथा पाडा/पाडीहरुलाई प्रोत्साहन स्वरुप भत्ताको व्यवस्था गरिनेछ ।

**न्यायिक सम्बन्धी नितिः**

**"सत्य, निष्पक्षता र समन्वय, त्रिपुरा न्याय प्रणालीको विश्वसनीय"**

१७६. न्यायिक समितिको अधिकारक्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रवन्ध मिलाईनेछ।

१७७. स्थानीय स्तरमा उत्पन्न भएका देवानी प्रकृतिको सामान्य विवादहरु स्थानिय स्तरमा नै समाधान गरी विवादित दुवै पक्षलाई आत्म सन्तुष्टि दिलाई निजहरुको कानूनी उपचारमा आवश्यक खर्च

कम गराउने, समयको बचत गराउने, अनावश्यक दुःख झन्झटलाई हटाई समाजमा स्वच्छ र सुमधुर सामाजिक सम्बन्ध कायम गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

१७८. त्रिपुरासुन्दरी गाउँपालिका न्यायिक समितिमा इजलासको निर्माण र व्यवस्थापन गरि आगामी दिनहरुमा न्याय सम्पादन, द्विपक्षीय छलफल तथा मिलापत्र लगायतका कार्यहरुमा सहजता ल्याइनेछ ।

१७९. "कानूनको अज्ञानता क्षम्य हुने छैन" (Ignorance of law is no excuse) भन्ने नाराका साथ कानूनी सचेतना कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१८०. गैरसरकारी संस्थाहरुसँगको साझेदारीमा न्यायिक निकायमा पहुँच स्थापना तथा न्याय प्राप्तिमा महिला, बालबालिका, पिछडिएका वर्ग, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक तथा समुदायको पहुँच अभिवृद्धिका लागि विभिन्न चेतनामुलक र जानकारीमुलक अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१८१. न्यायिक समितिका पदाधिकारी तथा मेलमिलापकर्ताहरुका लागि सम्बन्धित विषयको विषयगत ज्ञान र क्षमता विकास कार्यक्रमहरु कार्यान्वयनमा ल्याइनेछ ।

१८२. सबै वडाहरुमा मेलमिलापकेन्द्रहरुको उचित व्यवस्थापन गरिनेछ।

१८३. मेलमिलाप केन्द्रहरुको अनुगमन गर्ने कार्यहरुलाई प्रभावकारी बनाइनेछ।

१८४. न्यायिक समितिका मेलमिलापकर्ताहरुलाई क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

१८५. गरीब, असाहाय तथा पिछडिएका व्यक्तिहरुलाई निःशुल्क कानूनी परामर्श र सहयोग उपलब्ध गराइनेछ।

१८६. स्थानिय विवादलाई न्यूनीकरण गर्नका लागि समुदायमा चित्रात्मक बोर्ड तथा प्रवर्द्धनात्मक सामाग्रीहरुको निर्माण र वितरणलाई निरन्तरता दिईनेछ ।

१८७. न्यायिक समितिलाई सक्षम र सबल बनाई न्यायिक निरुपणलाई पारदर्शी बनाईनेछ ।

**महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता सम्बन्धी नीति**

**"समान अवसर, सम्मानपूर्वक जीवन, समावेशी समाज त्रिपुराको पहिचान"**

१८८. लैङ्गिक विभेद तथा लैङ्गिक हिंसाको अन्त्य गर्न लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ ।

१८९. महिला सशक्तिकरणका लागि घरेलु हिंसा, लैंगिक हिंसा, बहुविवाह, नेतृत्व विकास तथा विभिन्न खाले सचेतना, गोष्ठी, तालिम तथा महिला/आमा समूह लक्षित आयआर्जन, सिपमूलक कार्यक्रम सञ्चालन गरी आत्मनिर्भर बन्न प्रोत्साहन गरिनेछ ।

१९०. महिला हिंसाको कारण पहिचान, महिलाको सवालमा कार्यरत संघ संस्थाहरुको पहिचान तथा सञ्जाल निर्माण, संस्थागत विकास र सुदृढीकरण, क्षमता अभिवृद्धिमा गैर सरकारी संस्था, निजी क्षेत्र र टोल विकास समितिसँग समन्वय र सहकार्य गरिनेछ ।

१९१. "हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान" अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलताको नीति लिइनेछ ।

१९२. सडक बालबालिका मुक्त पालिका घोषणाका लागि आवश्यक पहल गरिनेछ ।

१९३. बालविवाह, बालश्रम र बहुविवाह विरुद्ध कार्यक्रमहरु बाल क्लव, बाल सञ्जाल, बाल संरक्षण समिति , वडा कार्यालय र गाउँपालिकाको साझेदारीमा सञ्चालन गरिनेछ ।

१९४. सामाजिक सुरक्षालाई थप प्रभावकारी बनाउन अशक्त व्यक्तिहरुका लागि "घर दैलो सेवा" को नीतिलाई निरन्तरता दिइनेछ ।

१९५. ज्येष्ठ नागरिकको मनोबल उच्च बनाउदै नैरसत्यताको अन्त्य गर्नका लागि ज्येष्ठ नागरिक सम्मान कार्यक्रम अन्तर्गत उपाध्यक्ष ज्येष्ठ नागरिक भेटघाट कार्यक्रम सञ्चालन गरिनेछ ।

१९६. "कृषि, पर्यटन र उद्यम युक्त गाउँ - बालमैत्री त्रिपुरा बस्न योग्य ठाउँ" निर्माण गर्दै बालमैत्री स्थानिय तह घोषणाका लागि आवश्यक पहल गरिनेछ।

१९७. बालक्लव र बाल सञ्जाल गठन, पुनः गठन एवं क्षमता अभिवृद्धिमा जोड दिदैं बालमैत्री गाउँपालिका घोषणाका सूचक बमोजिमका न्यूनतम सेवा, सुविधा र संरक्षणका थप कार्यक्रम सञ्चालन गरिनेछ ।

१९८. "ज्येष्ठ नागरिकको सम्मान, सभ्य समाजको प्रमाण" भन्ने नारालाई आत्मासाथ गरिनेछ ।

१९९. त्रिपुरासुन्दरी गाउँपालिकालाई आ.व. २०८३/२०८४ सम्ममा बालमैत्री स्थानीय शासन घोषणा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२००. "समावेशी सोच, अपाङ्गमैत्री समाजको खोज" अभियान चलाइनेछ ।

२०१. अपाङ्गहरुको जीवनस्तर सुधार गर्न विभिन्न तालिम, सचेतना तथा अन्तक्रिया कार्यक्रममा मार्फत समेटिनेछ ।

२०२. बाबु आमा विहिन बालबालिकाहरुलाई सामाजिक सुरक्षा (संरक्षण भत्ता) मा समावेश गरिनेछ ।

अन्त्यमा,

त्रिपुरासुन्दरी गाउँपालिकालाई जनअपेक्षा अनुरुप विकासका चाहना पुरा गर्ने, स्थानीय सरकार र स्थानीयवासी बिचको सुमधुर सम्बन्ध कायम गर्ने, आधुनिक प्रविधि र मौलिक पहिचानको सम्मिश्रणवाट गाउँपालिकालाई समृद्ध, सुरक्षित र जीवन्त साँस्कृतिक गाउँपालिका बनाउने हाम्रो दृढ संङ्कल्प अविचलित छ । यस अवसरलाई सदुपयोग गर्दै सम्पूर्ण गाउँपालिका वासीलाई स्वच्छ, निष्पक्ष, न्यायपूर्ण र प्रतिबद्ध नेतृत्व प्रदान गरिनेछ ।

साथै गाउँपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्याउन सम्पुर्ण जनप्रतिनिधि, नेपाल सरकार, प्रदेश सरकार, विकास साझेदारहरू, टोल विकास समिति, निजी क्षेत्र, गाउँपालिका कर्मचारी, मतदाता र सम्पूर्ण वुद्धिजीवी एवम् प्रवुद्ध वर्गमा हार्दिक अपिल गर्दछु ।

**धन्यवाद**

भक्तध्वज बोहरा
अध्यक्ष
त्रिपुरासुन्दरी गाउँपालिका

२०८२ असार १० गते मंगलबार

नेपाल संवत ११४५, तछलागा

***